*नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत मितिः- २०७२।०६।२१*

# नेपाल सरकार

# शिक्षामन्त्रालय

## विशेष छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७२

**प्रस्तावनाः**- निम्न आय भएका दलित समुदायमध्ये पनि शैक्षिक क्षेत्रमा अत्यन्त पछाडी रहेका डोम, बादी, चमार र मुसहर समुदायका विद्यार्थीहरुलाई चिकित्साशास्त्र वा इन्जिनियरिङ विषयका स्नातकतहका कार्यक्रमहरुमा पहुँच विस्तार गर्ने उद्धेश्यले नेपाल सरकारले त्यस्ता समुदायका विद्यार्थीहरुले इन्जिनियरिङ्ग र चिकित्साशास्त्र विषयमा स्नातक तहमा भर्ना हुने अवसर प्राप्त गरेमा ती विद्यार्थीहरुको अध्ययन गर्न लाग्ने खर्च सरकारले व्यहोर्ने गरी आ.व. २०७१।०७२ को वजेट वक्तव्य मार्फत प्रतिवद्धता जनाए अनुसार सो सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकार, शिक्षा मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः-**</u> (१) यो कार्यविधिको नाम "**विशेष छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७२**" रहेको छ ।

(२ यो कार्यविधि देश भित्रका उच्चशिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुमा अध्ययनरत निम्न आय भएका डोम, बादी, चमार र मुसहर समुदायका छात्रछात्राहरुको हकमा स्नातक तहमा इन्जिनियरिङ वा चिकित्साशास्त्र विषयमा अध्ययनरत विद्यार्थीको हकमा आ.व. २०७२।०७३ देखिलागु हुनेछ ।

२. <u>**परिभाषाः**</u>- विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधमा,-

(क) "निम्न आय" भन्नाले राष्ट्रिय योजना आयोगबाट गरिएको सर्वेक्षणमा न्यून आय भएको परिवार सम्झनु पर्छ ।

(ख) "दलित" भन्नाले नेपाल सरकार वा राष्ट्रिय दलित आयोगले सूचीकृत गरेको दफा १.१ मा उल्लेख भएको जातजातीलाई सम्झनु पर्दछ ।

(ग) "छात्रवृत्ति" भन्नाले निम्न आय भएका दलितमध्येका डोम, वादी, चमार र मुसहर, जातीका इन्जिनियरिङ वा चिकित्साशास्त्रको स्नातकतह अध्ययन गर्ने विद्यार्थीलाई उपलब्ध गराउने शैक्षिक खर्च भन्ने सम्झनु पर्छ ।



*प्रथम संशोधनद्धारा संशोधित

(घ) "उच्चशिक्षा" भन्नाले नेपालका विश्वविद्यालयबाट सम्वन्धन लिई स्नातक वा सो भन्दा माथिको अध्ययनलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(च) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्दछ ।

३. **<u>कार्यविधिका उद्देश्यहरु:-</u>** (१) यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) दलितमध्येचमार, डोम, वादी र मुसहर जातीका विद्यार्थीलाई इन्जिनियरिङ र चिकित्शाशास्त्र अध्ययनका लागि उपलब्ध गराइने शैक्षिक खर्चको आधार तयार गर्नु ।

(ख) वृत्ति पाउनको लागि योग्यता तथा माग गर्ने आधार तयार गर्नु ।

(ग) छात्रवृत्ति उपलब्ध गराउने कार्यमा संलग्न निकायहरुको कार्यलाई सहजीकरण गर्नु ।

(घ) छात्रवृत्ति वितरण तथा निकासा प्रक्रियालाई पारदर्शी बनाउने आधार निर्धारण गर्नु ।

४. **<u>छात्रवृत्तिका लागि योग्यता तथा शर्तहरु सम्बन्धी व्यवस्था</u>** :-(१) यो कार्यविधि अनुसार छात्रवृत्ति वा अध्ययन खर्च प्राप्त गर्न देहाय अनुसारका योग्यता तथा शर्तहरु तोकिएको छ ।

(क) विद्यार्थी नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) मासिक वृत्ति तथा यस कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गर्नको लागि निम्न आय भएका दलितमध्येका चमार, डोम, वादी र मुसहर जातीका छात्रछात्रा हुनु पर्नेछ ।

(ग) दलित जातजाती भनी नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायले प्रमाणित गरेको हुनु पर्नेछ ।

(घ) सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(ङ) सम्वन्धित शिक्षण संस्थाको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएको वा भर्ना हुने निश्चित आधार पेश गर्नु पर्नेछ ।

(च) नियमित विद्यार्थीको रुपमा अध्ययनरत हुनु पर्नेछ ।

(छ) लगातार दुईवर्ष भन्दा बढी अध्ययन गरिरहेको तहको परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई यो सुविधा प्रदान गरिने छैन ।



• प्रथम संशोधनद्वारा संशोधित

(ज) इन्जिनियरिङ वा चिकित्साशास्त्र तर्फ स्नातकतह अध्ययनलाई छात्रवृत्ति प्राप्त गर्नका लागि दलितमध्ये डोम, बादी, चमार र मुसहर जातीको छात्रछात्रा भई सम्बन्धित विश्वविद्यालयको प्रवेश परीक्षा उत्तीर्ण गरी भर्ना पाएको हुनु पर्नेछ ।

५. **छात्रवृत्ति माग गर्ने तथा छनोट प्रक्रिया**:-(१) छात्रवृत्ति छनौट प्रकृया देहाय अनुसार हुनेछन् ।

(क) आयोगले निश्चित समय तोकी छात्रवृत्तिको लागि विज्ञापन मार्फत आवेदन आह्वान गर्नेछ ।

(ख) सूचनामा तोकिएको समय सीमाभित्र माग गरिए बमोजिको कागजात संलग्न राखी तोकिए बमोजिमको फारम आयोग समक्ष पुग्ने गरी सम्वन्धित विद्यार्थी आफैंले भर्नुपर्ने छ ।

(ग) छात्रवृत्तिका लागि छानिएका विद्यार्थीहरुको नामावली आयोगको वेवसाइटमा राखिनेछ ।

६. **छात्रवृत्तिको रकम र निकासा प्रक्रिया**:-(१) छात्रवृत्तिको रकम प्राप्त गर्ने र निकासा प्रकृया देहाय अनुसार हुनेछ ।

(क) छनोट भएका विद्यार्थीहरुले नेपाल सरकारको छात्रवृत्ति ऐन तथा नियमावली अनुसार दोहोरो छात्रवृत्ति पाउने छैनन् । तर छनोट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति बाहेक दोहोरो नपर्ने गरी मासिक विद्यार्थी निर्वाह खर्च दिन बाधा पुगेको मानिने छैन । तर, यस कार्यविधि बमोजिम मासिक वृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले अन्य निकायबाट मासिक वृत्ति प्राप्त गर्न सक्ने छैनन् ।

*(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शुल्क लगायत शिक्षण संस्थामा भुक्तानी गर्नु पर्ने रकम चिकित्साशास्त्रमा अध्ययनको लागि काठमाडौं उपत्यकाभित्र अधिकतमरु ३५ लाख र उपत्यका बाहिरको हकमा लागत खर्चको आधारमा फ्याकल्टी बोर्डले स्थान विशेषको आधारमा शुल्कमा उचित रकम थप गरेको रकम रकमा सो रकम र इन्जिनियरिङ्ग विषयमा बढीमा रु बाह्र लाख तोकिएको किस्तामा सिधै निज अध्ययनरत शिक्षण संस्थालाई बैंक खातामा भुक्तानी गरिने र मासिक विद्यार्थी निर्वाह खर्च वापत अध्ययन अवधिको लागि मासिक रु पाँच हजारका दरले अर्धवार्षिक रुपमा विद्यार्थीको नाममा खोलिएको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।



* प्रथम संशोधनद्वारा संशोधित

(ग) वार्षिक तथा सेमेष्टर प्रणालीमा सञ्चालित कार्यक्रम अन्तर्गतका सबै लाभान्वित विद्यार्थीहरुले आगामी वर्षको किस्ताबन्दी छात्रवृत्ति वा वृत्ति अनुदान रकम प्राप्त गर्न अघिल्लो बर्षको परीक्षाको प्रगति विवरण एवं हालको अध्ययन निरन्तरता खुल्ने गरी भर्ना भएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(घ) छात्रवृत्ति रकम वार्षिक रुपमा दुई किस्तामा प्रदान गरिनेछ ।

(ङ) यसरी पूर्ण छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरुले आफ्नो अध्ययन सके पश्चात नेपाल सरकार, शिक्षा मन्त्रालयमा सम्पर्क राख्नु पर्नेछ । निजले छात्रवृत्ति नियमावली अनुसार तोकिएको अवधि नेपाल सरकारले खटाएको जुनसुकै स्थानमा गई सेवा प्रदान गर्नु पर्नेछ ।

(च) तोकिएको स्थानमा गई तथा तोकिएको समयसम्म काम नगर्ने विद्यार्थी, छात्रवृत्ति ऐन तथा नियमावली बमोजिम कारवाहीको भागी हुनेछ ।

७. <u>छात्रवृत्ति व्यवस्थापन समितिको गठनः</u>-(१) आयोग अन्तर्गत छात्रवृत्ति व्यवस्थापन गर्न देहाय अनुसारको समिति गठन हुनेछ ।

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -संरक्षक
(ख) सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग -सदस्य
(ग) प्रतिनिधि, शिक्षामन्त्रालय, उच्च शिक्षा शाखा प्रमुख -सदस्य
(घ) प्रतिनिधि, शिक्षामन्त्रालय, छात्रवृत्ति शाखा प्रमुख -सदस्य
(ङ) प्रतिनिधि, राष्ट्रिय दलित आयोग -सदस्य
(च) छात्रवृत्ति व्यवस्थापन समितिले मनोनयन गरेको विश्वविद्यालयका प्रतिनिधिहरु (इन्जिनियरिङ- १, चिकित्साशास्त्र- १) -सदस्य
(छ) छात्रवृत्ति हेर्ने शाखाको प्रमुख, विश्वविद्यालय अनुदान आयोग, -सदस्य सचिव

(२) विद्यार्थी अध्ययनरत कलेजका प्रतिनिधिहरुलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा समितिले आमन्त्रण गर्न सक्नेछ ।

८. <u>छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>-(१) छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आयोग अन्तर्गत छात्रवृत्ति हेर्ने निकालले तयार पारेको विद्यार्थीहरुको विवरण सम्बन्धमा निर्णय गर्ने ।

(ख) छात्रवृत्ति शाखामा औपचारिक रुपमा परेका गुनासास सम्बन्धमा छानविन गरी निर्णय गर्ने ।



• प्रथम संशोधनद्वारा संशोधित

(ग) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

**(घ)** छात्रवृत्ति व्यवस्थापन समितिको बैठक तथा निर्णय बहुमतको आधारमा हुनेछ ।

(ङ) बैठकमा उपस्थित भए वापत समितिका सदस्यलाई आयोगको नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

(च) बैठकमा विशेषज्ञको आवश्यक परेमा समितिको अध्यक्षको स्वीकृति लिई विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(छ) समितिको बैठक बस्दा नियमानुसारको बैठकभत्ता आयोगले व्यवस्था गर्नेछ ।

९ **विविधः-**

**(क)** छात्रवृत्ति वितरण र छनोटका सम्बन्धमा शिक्षा मन्त्रालय र आयोगले जुनसुकै समय निरीक्षण तथा अनुगमन गर्न/गराउन सक्नेछ ।

(ख) यस कार्यविधिमा आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्नु परेमा छात्रवृत्ति व्यवस्थापन समितिले मस्यौदा गरी आयोग मार्फत शिक्षा मन्त्रालय समक्ष अन्तिम स्वीकृतिका लागि पेश गर्नेछ ।

(ग) यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरु प्रचलित ऐन, नियम तथा नीतिसंग बाझिएमा बाझिएको हदसम्म स्वत:निस्कृय हुनेछ ।



• प्रथम संशोधनद्वारा संशोधित